# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ७१) काठमाडौं, वैशाख १३ गते, २०७८ साल (संख्या २**

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार देहायको शर्तको अधीनमा रही सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

१. **मुद्दा चलाउने वा नचलाउने सम्बन्धमाः**

(क) कुनै अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दामा सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि अनुसन्धान प्रतिवेदन सहित जिल्ला सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोही बमोजिम निर्णय गरी आवश्यक कानूनी प्रक्रिया पूरा गरी गराई आफूले मुद्दा दायर गर्नुपर्ने भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने र अन्य निकायले मुद्दा दायर गर्नु पर्ने भए निर्णयको प्रतिलिपि सहित सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सोको प्रतिलिपिसहित मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ग) प्रचलित कानूनबमोजिम जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार जिल्ला सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता खटिएको अवस्थामा सहन्यायाधिवक्ता वा निजले तोकेको जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने,

(घ) खण्ड (ख) बमोजिम सम्बन्धित सरकारी वकीलबाट प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ङ) खण्ड (ख) बमोजिम प्राप्त मिसिलमध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका मुद्दा र प्रतिवादी खुलेको भएपनि निजको मृत्यु भई सकेको मुद्दामा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले अन्तिम निकासा दिने,

(च) सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) वैदेशिक रोजगार ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धान प्रतिवेदनसहित विशेष सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल सो कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ज) राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित पेश हुन आएका मुद्दामा सो मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(झ) खण्ड (घ),(च),(छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित महान्यायाधिवक्तासमक्ष पेश गरी निर्णय भएबमोजिम गर्ने,

(ञ) माथि विभिन्न खण्डमा उल्लेख भए बमोजिम सहन्यायाधिवक्तालाई प्रत्यायोजन गरिएको अधिकार निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनको लागि खास किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्न सम्बन्धित जिल्लाका सरकारी वकीललाई स्वीकृति प्रदान गर्ने।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (८) बमोजिम मुद्दा नचलाईएको प्रतिवादीको हकमा सोही दफाको उपदफा (११) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएका मिसिल अध्ययन गरी सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको अवस्थाबारे अनुगमन गर्ने सम्बन्धमाः**

(क) हिरासतमा रहेको व्यक्तिलाई नेपालको संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने सम्बन्धमा नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) ले प्रदान गरेको अधिकार सम्बन्धित क्षेत्रभित्रका उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रयोग र पालना गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्ने क्रममा हिरासतमा रहेको व्यक्तिको मानव अधिकार संरक्षण गर्न र हिरासत व्यवस्थालाई सुदृढ पार्नको लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनुपर्ने भए निर्देशन समेत दिने,

(ग) खण्ड (क) वा (ख) बमोजिम गरेको अनुगमन तथा दिएको निर्देशन सम्बन्धी कार्यको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने।

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिम अधिकार प्रत्यायोजन गरेको कारण महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताको कार्यालयबाट हिरासतको अनुगमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने र सम्बन्धित अधिकारीलाई निर्देशन दिनसक्ने विषयमा कुनै असर नपर्ने ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्वन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित नायब महान्यायाधिवक्ताले प्रयोग गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (त) बमोजिम महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय तथा विशेष सरकारी वकील कार्यालयका सहायक न्यायाधिवक्ताले महान्यायाधिवक्ता कार्यालयबाट अन्यथा आदेश भएकोमा बाहेक नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारको हक, हित वा सरोकार निहीत रहेका मुद्दामा आफ्नो कार्यक्षेत्र भित्रका अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष बहस, पैरबी तथा प्रतिरक्षा गर्ने।

__द्रष्टव्यः__ नेपाल राजपत्रमा प्रकाशन भएका देहाय बमोजिमका सूचनाहरु खारेज गरिएका छन्:-

१. खण्ड ६५, अतिरिक्ताङ्क १५ क, मिति २०७२।६।३ को नेपाल राजपत्र भाग ४ तथा भाग ५ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,
२. खण्ड ६६, सङ्ख्या ४६, मिति २०७३।०९।१८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. खण्ड ६८, सङ्ख्या २६, मिति २०७५।६।१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

४. खण्ड ६८, सङ्ख्या ३८, मिति २०७५।७।१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

५. खण्ड ६९, सङ्ख्या ४७, मिति २०७६।११।१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु।

**आज्ञाले,**
**पद्मप्रसाद पाण्डेय**
**नायब महान्यायाधिवक्ता ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।